# सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका

# २०७३

विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली २०६० ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका : २०७३ बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो निर्देशिकाको नाम "सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३" रहेको छ ।

१.२ यो निर्देशिका विश्वविद्यालय अनुदान आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

१.३ यस निर्देशिकाको व्याख्या गर्ने अधिकार आयोगलाई हुनेछ र आयोगले गरेको व्याख्या अन्तिम मानिनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

२.१ "अनुदान" भन्नाले सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूलाई शर्त तोकी वा नतोकी विश्वविद्यालय अनुदान आयोगबाट दिइने सहयोग सम्झनुपर्दछ ।

२.२ "सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस" भन्नाले मुनाफा रहित उद्देश्यबाट समुदायको पहलमा स्थापित, व्यवस्थित र सन्चालित क्याम्पस सम्झनुपर्दछ ।

२.३ "क्याम्पस" भन्नाले नेपालका विश्वविद्यालयको आंङ्गिक र सम्बन्धनप्राप्त क्याम्पस सम्झनुपर्दछ ।

२.५ "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्दछ ।

२.६ "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनुपर्दछ ।

२.७ "तोकिएको, तोकिए बमोजिम" भन्नाले आयोगले निर्देशिका वा विनियममा तोके बमोजिम वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

२.८ "विश्वविद्यालय" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको विश्वविद्यालयलाई सम्झनुपर्छ ।

२.९ "अनुगमन तथा मूल्याङ्कन महाशाखा" भन्नाले आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखा सम्झनुपर्छ ।

२.१० "उच्च शिक्षा" भन्नाले स्नातक वा सोभन्दा माथि अध्ययन गरिने शिक्षालाई जनाउँछ ।

# परिच्छेद - २
# उद्देश्य

२. यो कार्यविधि जारी गर्नुको उद्देश्य देहायबमोजिम रहेको छ।

२.१ सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान प्रदान गर्ने आधारहरू निर्धारण गर्नु,

२.२ अनुदानको लागि योग्यता र अनुदान माग गर्ने आवश्यक कागजात तथा प्रक्रिया तोक्नु,

२.३ अनुदान वितरण गर्ने प्रक्रिया तयार गर्नु,

२.४ अनुदान माग गर्ने, बाँडफाँड गर्ने लगायतका कार्यमा संलग्न निकायहरूको कार्यलाई सहज बनाउनु,

२.५ अनुदान प्राप्त क्याम्पसहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु र गराउनु।

# परिच्छेद - ३
# अनुदानको प्रकार, प्रक्रिया र रकम

३.१ आयोगले वार्षिक बजेट र कार्यक्रममा व्यवस्था गरेबमोजिम सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसलाई निम्न बमोजिमको अनुदान दिन सक्नेछ ।

(क) शैक्षिक उन्नयनका लागि नियमित अनुदान

(ख) शैक्षिक तथा प्रशासनिक भवन निर्माण अनुदान

(ग) पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक खरिद अनुदान

(घ) फर्निचर खरिद वा फर्निचर निर्माण अनुदान

(ङ) शैक्षिक उपकरण खरिद अनुदान

(च) विशेष अनुदान

(छ) क्याम्पसमा पठनपाठनको गुणस्तर अभिवृद्धिका लागि सभा सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला आयोजना गर्नका लागि अनुदान

(ज) निश्चित परियोजना अन्तर्गत रही प्रोत्साहन कार्यसम्पादन, जोडकोष वा यस्तै अन्य अनुदान

(झ) विद्यार्थीहरूलाई लक्ष्यित गरी प्रदान गरिने छात्रवृत्ति अनुदान

(ञ) शिक्षक कर्मचारीलाई सीप विकास वा स्तर वृद्धि गर्न वृत्ति विकास अनुदान

(ट) अध्ययन सामग्री विकास

(ठ) अन्य अनुदान

३.२ नियमित अनुदान (Regular Grants)

जनस्तरबाट सामुदायिक रुपमा सञ्चालित क्याम्पसहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई वार्षिक रूपमा नियमित अनुदान उपलब्ध गराइनेछ । नियमित अनुदान माग गर्ने, बाँडफाँड गर्ने लगायतका सम्पूर्ण कार्य आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखाले गर्नेछ । यस कार्यक्रमअन्तर्गत स्नातक वा स्नातकोत्तर तह सञ्चालन भई एक शैक्षिक सत्र (अन्तिम वर्षको परीक्षाफल प्रकाशन) पूरा गरी तोकिएका आधारहरू पूरा गरेका क्याम्पसहरूलाई समावेश गरिने छ ।

नियमित अनुदान प्राप्त गर्नका लागि न्यूनतम कुल विद्यार्थी संख्या हिमाली र पहाडी जिल्लामा ५०, तराईका जिल्लामा ७५ र काठमाडौं उपत्यकाभित्र १०० हुनुपर्नेछ। तर **कोटा निर्धारण गरेको विषय, विज्ञान, संस्कृत विषय, अपाङ्गता भएका व्यक्तिहरूको लागि खुलेका विशेष क्याम्पसहरू र राष्ट्रिय महत्वका विषयहरू अध्ययन अध्यापन गर्ने क्याम्पसहरूको हकमा न्यूनतम कुल विद्यार्थी संख्या ४० हुनुपर्नेछ ।** प्रत्येक वर्ष निम्नानुसारका कागजातहरू समावेश गरी आयोगले सूचना जारी

गरेको अन्तिम मिति भित्रमा आवश्यक कागजातहरू सहित आवेदन वा प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ । म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदनउपर कुनै कारवाही हुने छैन । झूटो विवरण पेश गरेको प्रमाणित भएमा आवेदन रद्द गरी भविष्यमा आयोगबाट कुनै सुविधा प्राप्त नहुने गरी सुविधा वञ्चित सूचीमा राखिनेछ । नियमित अनुदान प्राप्त गर्ने क्याम्पसहरू नेपाल भित्रका विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सन्चालित सामुदायिक क्याम्पस हुनुपर्नेछ । प्राप्त गरेको अनुदान रकम आवश्यकता अनुसार सालवसाली वा पूँजीगत खर्च गर्न सकिने छ । नियमित अनुदान बाँडफाँडका आधारहरू अनुसुची - १ मा उल्लेख गरिए अनुसार हुनेछ ।

**पेश गर्नुपर्ने कागजातहरू:**

नयाँ क्याम्पसको हकमा

- क्याम्पसको तर्फबाट आधिकारिक अनुरोध पत्र वा प्रस्ताव ।
- आयोगद्वारा निर्दिष्ट ढाँचाको तथ्याङ्क फाराम पूर्ण विवरण सहित भरिएको (Statistical Data Form) ।
- पछिल्लो तीन वर्षको लेखा परीक्षण प्रतिवेदन (२-२ प्रति)। आयोग बाट प्राप्त रकम आम्दानी र खर्च देखिएको हुनुपर्ने
- एक शैक्षिक सत्र (**अन्तिम वर्षको परीक्षाफल प्रकाशन**) पूरा गरेको प्रमाण खुल्ने कागजपत्र ।
- जि.वि.स. र न.पा./गा.वि.स. बाट सामुदायिक क्याम्पसको प्रमाणीकरण र पब्लिक क्याम्पस सङ्घको सदस्यता लिएको भए प्रमाणपत्र ।
- क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थासहित सबल तथा दुर्बल पक्ष एवम् भावी चुनौतीहरू समेत उल्लेख भएको साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन ।
- सम्बन्धन लिएको विश्वविद्यालयले कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिएको पत्रको प्रतिलिपि ।
- क्याम्पसको स्वीकृत विधानको प्रमाणित प्रतिलिपि, (२ प्रति) ।

**क्याम्पसको स्वीकृत विधानको प्रमाणित प्रतिलिपिमा निम्न बुँदाहरू खुलेको हुनुपर्नेछ र आयोगमा पेस गर्दा त्यसलाई रेखाङ्किगर्नुपर्नेछ :**

- ➢ व्यक्तिगत/समूहगत/संस्थागत कुनै पनि किसिमले नाफा आर्जन गर्ने हेतुले नभई समुदायबाट नाफारहित रूपमा सञ्चालित लेखिएको हुनुपर्ने ।
- ➢ क्याम्पसको साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुने व्यवस्था विधानमा नै उल्लेख भएको हुनुपर्ने ।
- ➢ व्यवस्थापन समितिको कार्यकालको निश्चित अवधि विधानमा तोकिएको हुनुपर्ने र तोकिएको कार्यकाल समाप्त भए र पुर्नगठन भएमा सोको प्रमाण समाविष्ट हुनुपर्ने ।
- ➢ कुनै पनि कारणले क्याम्पस सञ्चालन हुन नसक्ने अवस्थामा क्याम्पसको सम्पूर्ण चल-अचल सम्पत्ति, सम्बन्धन दिने विश्वविद्यालय वा नेपाल सरकारको हुने व्यहोरा विधानमा उल्लेख भएको हुनुपर्ने,

ख. **आयोगबाट एक पटक नियमित अनुदान प्राप्त गरिसकेका क्याम्पसहरूको हकमा**

- क्याम्पसको आधिकारिक अनुरोध पत्र ।
- आयोगद्वारा निर्दिष्ट ढाँचाको तथ्याङ्क फाराम पूर्ण विवरण सहित भरिएको (Statistical Data Form) ।
- अघिल्लो आ.ब. को अडिट रिपोर्ट (२ प्रति) समाविष्ट हुनुपर्ने ।
- सम्बन्धन लिएको विश्वविद्यालयले कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिएको पत्रको प्रतिलिपि ।
- हालै उत्तीर्ण भएको विद्यार्थी सङ्ख्या देखिने Mark Ledger को एक प्रति प्रतिलिपि समाविष्ट हुनुपर्ने ।
- क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थाका साथै सबल र दुर्बल पक्ष तथा भावी चुनौतीहरू समेत उल्लेख भई साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन समाविष्ट हुनुपर्ने ।

आयोगले सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई निम्नलिखित बुदाहरूका आधारमा मूल्याङ्कन एवं वर्गीकरण गर्नेछ ।

- क्याम्पसमा पठन पाठनका क्षेत्र, संकाय, कार्यक्रम र तह
- पिछडिएको/पहाडी/दुर्गम जिल्लामा अवस्थित क्याम्पस
- शिक्षक तथा कर्मचारीको संख्या, योग्यता एवं शिक्षण भारसहितको विवरण ।
- स्नातक तथा सोभन्दा माथिल्लो तहको विद्यार्थी संख्या, विद्यार्थी उत्तीर्ण प्रतिशत ।
- क्याम्पसको भौतिक, आर्थिक एवं शैक्षिक प्रगतिको स्थिति ।
- आयोगले दिँदै आएको अनुदानको स्थिति ।
- प्राज्ञिक अनुसन्धनात्मक लेख, प्रतिवेदन तथा अन्य प्रकाशन ।
- आयोगद्वारा उपयुक्त ठहराएका अन्य कुराहरू ।
- आङ्गिक वा पहिला स्थापना भई संचालनमा रहेका क्याम्पसलाई प्रतिकूलता ।
- दिगोपनको सम्भाव्यता

माथि उल्लेख भएका अवस्थाहरूलाई मध्यनजर गरी प्राप्त विवरणहरू आयोगले छानबीन गर्नेछ । यसरी छानबीन गर्दा अस्पष्ट भएका कुरा स्पष्ट गर्न वा थप विवरण माग गर्न वा सोको यकीनका लागि स्थलगत रूपमा निरीक्षण गर्न सक्नेछ ।

### ३.३ **भौतिक विकास अनुदान (Physical Development Grants)**

जनस्तरबाट सञ्चालित सामुदायिक **क्याम्पसमा नयाँ भवन निर्माण, पुस्तक, फर्निचर र उपकरण खरिद** गर्नका लागि अनुदान उपलब्ध गराइनेछ । भौतिक विकास अनुदानको प्रस्तावना माग गर्ने, बाँडफाँड गर्ने र अन्य सम्पूर्ण प्रशासनिक काम आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखाले गर्नेछ । आयोगबाट उपलब्ध गराइने आंशिक अनुदानमा अन्य स्रोतबाट समेत रकम जुटाई सम्बन्धित क्याम्पसले प्रस्तावित कार्य सम्पन्न गर्नुपर्नेछ । यस कार्यक्रमअन्तर्गत स्नातक वा स्नातकोत्तर तह सञ्चालन भई **तोकिएका आधारहरू** पूरा गरेका क्याम्पसहरूलाई भवन निर्माण, पुस्तक खरीद, फर्निचर खरीद र उपकरण खरीद अनुदानमध्ये क्याम्पसको आवश्यकताको प्राथमिकताअनुसार कुनै एक शीर्षकमा मात्र अनुदान उपलब्ध गराइनेछ । अघिल्लो आ.व.मा प्राप्त अनुदान रकमको फरफारक गरेपछि मात्र चालू आ.व.को अनुदान रकम उपलब्ध गराइने छ । भवन निर्माण, पुस्तक, फर्निचर, उपकरण खरिदको लागि अनुदानका आधारहरू अनुसूची - २ मा उल्लेख गरिएअनुसार हुनेछ ।

### ३.३.१ भवन निर्माण अनुदान (Grants for Building Construction)

**भवन निर्माण अनुदान (कक्षा कोठा/पुस्तकालय भवन/प्रशासनिक भवन/प्रयोगशाला भवन/शौचालय निर्माण)** प्राप्त गर्नका लागि सामुदायिक क्याम्पसले प्रत्येक वर्ष निम्नानुसारका कागजात समावेश गरी सूचना जारी गरेको अन्तिम मितिभित्र आयोगमा माग दर्ता गरिसक्नुपर्ने छ। यस अनुदानका लागि न्यूनतम विद्यार्थी संख्या हिमाली, पहाडी र तराईका जिल्लामा ७५ र काठमाडौं उपत्यकाभित्र १०० जना हुनुपर्नेछ। हरेक क्याम्पसले प्राप्त गर्न सक्ने उच्चतम अनुदान सीमा आयोगले निधारण गर्न सक्नेछ र आवश्यक भएमा प्राथमिकता क्षेत्र तोक्न सक्नेछ।

**पेश गर्नुपर्ने कागजातहरू:**

- क्याम्पसको आधिकारिक अनुरोध पत्र।
- अनुसूची - ३ मा उल्लेख भए अनुसारको प्रस्ताव पेश गर्नुपर्ने छ, प्रस्ताव पेश गर्दा उपलब्ध भौतिक पूर्वाधारको विवरण, थप पूर्वाधार निर्माणको औचित्य पुष्टि गर्ने विवरण उल्लेख हुनुपर्नेछ र अपूरो प्रस्तावलाई मान्यता दिइने छैन।
- क्याम्पसको आफ्नै नाममा भएको जग्गाधनी पुर्जाको प्रमाणित छायाप्रति। - (आयोगबाट लगेको रकमबाट अन्य स्वामित्व नभएको स्थानमा निर्माण गरिएको पाइएमा रकम फिर्ता गर्ने र भविष्यमा कुनै अनुदान नदिने)
- प्रस्तावित भवनको इन्जिनियरिङ्ग डिजाइन र लागत अनुमानको प्रमाणित कागजात।

### ३.३.२ पुस्तक खरीदका लागि अनुदान (Grants for Purchasing Books)

पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकको अभावमा स्तरीय शिक्षा सम्भव नहुने हुँदा सम्बन्धनप्राप्त क्याम्पसहरूका पुस्तकालयको सुदृढीकरणका निमित्त विश्वविद्यालय अनुदान आयोगका निम्न आधारमा अनुदान उपलब्ध गराइने छ। अघिल्लो वर्षमा यस शीर्षकअन्तर्गत अनुदान पाएकालाई चालु आ.व.मा सोही शीर्षकमा थप अनुदान दिइने छैन।

पेश गर्नुपर्ने कागजातहरू :

- क्याम्पसको आधिकारिक अनुरोध पत्र।
- अनुसूची - ३ मा उल्लेख भए अनुसारको प्रस्ताव। अपूरो प्रस्तावलाई मान्यता दिइने छैन।
- पुस्तकालयको सम्पूर्ण स्थिति सहित पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू खरीद गर्नका लागि आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू अलग अलग छुट्याई प्रत्येकको मूल्य तथा आवश्यक प्रतिसमेत उल्लेख गरी प्रस्ताव पठाउनुपर्ने छ।
- यस अन्तर्गत प्राप्त आर्थिक सहयोग पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू खरीद गर्नका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

### ३.३.३ फर्निचर खरीदका लागि अनुदान (Grants for Purchasing Furniture)

जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसहरूमा कक्षा सञ्चालन तथा पुस्तकालयका निम्ति आवश्यक पर्ने **फर्निचर खरीदका लागि** विश्वविद्यालय अनुदान आयोगले अनुदान उपलब्ध गराउने छ। अघिल्लो वर्षमा यस शीर्षक अन्तर्गत अनुदान पाएकालाई आगामी दुई आ.व.मा सोही शीर्षकमा थप अनुदान दिइने छैन।

**पेश गर्नुपर्ने कागजातहरू :**

- क्याम्पसको आधिकारिक निवेदन।

- अनुसूची - ३ मा उल्लेखभए अनुसारको प्रस्ताव । (अपूरो प्रस्तावलाई मान्यता दिइने छैन ।)
- यस अन्तर्गत प्राप्त सहयोग कक्षाकोठा तथा पुस्तकालय फर्निचर खरीदका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।
- फर्निचर निर्माण वा खरिद गर्दा गुणस्तरीयता सुनिश्चित गरिएको हुनुपर्नेछ ।
- म्याद नाघी प्राप्त भएका र रीत नपुगेका आवेदनउपर कुनै कारवाही हुने छैन ।

### ३.३.४ उपकरण खरीदका लागि अनुदान (Grants for Purchasing Equipments)

सामुदायिक क्याम्पसहरूमा **शैक्षिक तथा प्रशासनिक कार्य दक्षतापूर्वक** सम्पादन गर्न Science Lab Equipments, Computer, Projector, Printer, Scanner & Photocopier खरीदका लागि अनुदान दिइनेछ । यस अनुदान अन्तर्गत इन्टरनेटका लागि राउटर खरिद गर्न सकिनेछ । अघिल्लो वर्षमा यस शीर्षक अन्तर्गत अनुदान पाएकालाई आगामी दुई आ.व.मा सोही शीर्षकमा थप अनुदान दिइने छैन । क्याम्पसमा इन्टरनेट सेवा उपलब्ध नभएका क्याम्पसले इन्टरनेट जडान र नियमित सञ्चालनका लागि पहिलो प्राथमिकता दिनुपर्नेछ ।

**पेश गर्नुपर्ने कागजातहरू :**

- क्याम्पसको आधिकारिक अनुरोधपत्र ।
- अनुसूची - ३ मा उल्लेख भए अनुसारको प्रस्ताव पेश गर्नुपर्ने छ । (अपूरो प्रस्तावलाई मान्यता दिइने छैन ।)
- यस अन्तर्गत प्राप्त सहयोग माथि उल्लेखित उपकरण खरीदका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।
- म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदन उपर कुनै कारवाही हुने छैन ।

### ३.३.५ विशेष अनुदान (Special Grants)

क्याम्पसमा औपचारिक रूपमा पठनपाठन शुरु भई दुई वर्ष पूरा गरिसकेका तर नियमित अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूलाई विशेष अनुदान उपलब्ध गराइनेछ । यस कार्य गर्नका लागि आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखाले सम्पूर्ण जिम्मेवारी लिनेछ । यस्तो अनुदान नियमित अनुदान र भौतिक सुविधा विकास अनुदान प्राप्त नगरेका क्याम्पसहरूलाई मात्र प्रदान गरिनेछ । अनुदान प्राप्त गर्न क्याम्पसहरूले आयोगले जारी गरेको सूचनाको अन्तिम मितिभित्रै दर्ता भइसक्ने गरी अनुसूची - ३ मा उल्लेख भएको ढाँचाको प्रस्तावसहित अन्य कागजातहरू पेश गर्नुपर्नेछ । विशेष अनुदानका लागि अनुदानका आधारहरू अनुसूची - ४ मा उल्लेख गरिएअनुसार हुनेछ । विशेष अनुदान प्राप्त गर्नका लागि न्यूनतम कुल विद्यार्थी संख्या हिमाली र पहाडी जिल्लामा ५०, तराईका जिल्लामा ७५ र काठमाडौं उपत्यका भित्र १०० हुनुपर्नेछ

**पेस गर्नुपर्ने कागजातहरू :**

- क्याम्पसको आधिकारिक अनुरोधपत्र ।
- सम्पूर्ण विवरण खुल्ने गरी भरिएको तथ्याङ्क फाराम (Statistical Data Form) ।
- अनुसूची - ३ मा उल्लेख भएअनुसारको प्रस्तावना कुनै एक पुस्तक, फर्निचर वा उपकरणका शीर्षकमा पेश गर्ने
- पछिल्लो दुई वर्षको अडिट रिपोर्ट (२ -२ प्रति)
- दोस्रो वर्षको परीक्षामा सामेल भएको प्रमाण खुल्ने कागजपत्र ।
- जि.वि.स. र गा.वि.स. बाट सामुदायिक क्याम्पस हो भनी प्रमाण खुलेको पत्र ।

- क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थासहित सबल तथा दुर्बल पक्ष एवम् भावी चुनौतीहरू समेत उल्लेख भएको साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन ।
- क्याम्पसको प्रमाणित प्रतिलिपि विधान (२ प्रति) ।

**क्याम्पसको विधानमा निम्न बुँदाहरू खुलेको हुनुपर्नेछ र आयोगमा पेश गर्दा त्यसलाई रेखाङ्कित गर्नुपर्नेछ :**

➢ नाफारहित रूपमा समुदायद्वारा सञ्चालित लेखिएको हुनुपर्ने ।

➢ क्याम्पसको साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुने व्यवस्था विधानमा उल्लेख गरेको हुनुपर्ने ।

➢ व्यवस्थापन समितिको कार्यकाल निश्चित अवधि विधानमा तोकिएको हुनुपर्ने र पुनर्गठन भएमा सोको प्रमाण समावेश हुनुपर्ने ।

➢ कुनै पनि कारणले क्याम्पस सञ्चालन हुन नसक्ने अवस्थामा क्याम्पसको सम्पूर्ण चल-अचल सम्पत्ति सम्बन्धन दिने विश्वविद्यालय वा नेपाल सरकारको हुने व्यहोरा विधानमा उल्लेख भएको हुनुपर्ने ।

**३.३.६ विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त गरेको रकम खर्च गर्दा सामुदायिक क्याम्पसहरूले पालना गनुपर्ने शर्तहरू :**

क. प्राप्त अनुदान सम्झौतामा उल्लेख भएको शीर्षकमा मात्र खर्च गर्नुपर्नेछ । अनुदान रकम तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनमा खर्च गरेको पाइए विश्वविद्यालय अनुदान आयोगले भविष्यमा कुनै पनि प्रकारको अनुदानका लागि अयोग्य घोषणा गरी अनुदान रोक्का गर्न सकिनेछ ।

ख. प्राप्त भएका अनुदान रकम नेपाल सरकारको नियम कानून अन्तर्गत गरी नियमानुसार खर्च गर्नुपर्नेछ । आर्थिक पारदर्शिता एवं हिसाव किताब क्याम्पसले दुरुस्त राख्नुपर्नेछ ।

ग. क्याम्पसले वार्षिक रूपमा आयोगलाई अडिट रिपोर्ट बुझाउनुपर्नेछ । उक्त अडिट रिपोर्ट ICAN (Institutes of Chartered Accounts Nepal) ले तय गरेको ढाँचाबमोजिम हुनुपर्नेछ । विश्वविद्यालय अनुदान आयोगबाट जुन शीर्षकमा अनुदान प्राप्त भएको हो सोही शीर्षकमा नै उक्त रकम खर्च भएको देखिनुपर्नेछ । तर नियमित अनुदानलाई पूँजीगत कार्यमा खर्च गर्न सकिनेछ ।

**३.३.७ क्याम्पसले दोस्रो किस्ता माग गर्दा वा फरफारक गर्दा निम्न अनुसारको कागजातहरू पेश गर्नुपर्नेछ :**

क. क्याम्पसमा वर्ष दिनभित्र सञ्चालित शैक्षिक कार्यक्रम, भौतिक विकास, सामाजिक क्रियाकलाप, आर्थिक व्यवस्था उल्लेख गर्दै सबल, निर्बल पक्ष र चुनौतीसमेत उल्लेख भएको साधारण सभाबाट पारित प्रतिवेदन ।

ख. भवन निर्माणका लागि प्रगति प्रष्ट देखिने गरी काम शुरु हुनुभन्दा अगाडी र पछाडी खिचेको ३-३ प्रति फोटो र पुस्तक, फर्निचर तथा उपकरण शीर्षक अन्तर्गत खरिद गरेको सम्पूर्ण सामग्री देखिने ३ प्रति फोटोहरू ।

ग. भवन निर्माणका लागि गा.वि.स. वा जि.वि.स.को Engineer वा Overseer ले valuation गरेको प्रगति देखिने प्रमाणित प्रतिलिपि ।

घ. क्याम्पस व्यवस्थापन समितिले कार्यक्रम सञ्चालन गर्दा गरेका सम्पूर्ण निर्णयहरूको प्रमाणित छाया प्रतिहरू ।

ङ. क्याम्पसको Letter Head मा क्याम्पस प्रमुख, निर्माण समिति संयोजक/अध्यक्ष एवम् सञ्चालक समितिको कोषाध्यक्षको दस्तखत र छाप सहितको कुल खर्च देखिने खर्चको सँक्षित्प विवरणसहितको प्रमाणित पत्र ।

च. स्टोर दाखिला गर्नुपर्ने सामग्रीको स्टोर दाखिला गरेको प्रमाण ।

छ सम्झौता पत्रको प्रतिलिपि ।

**३.३.८ अनुदान प्राथमिकीकरणका आधारहरू**

(क) शैक्षिक संस्थाहरूको भौतिक संरचना (सुविधा) निर्माणमा संस्थाहरूको आवश्यकता र प्राथमिकतालाई दृष्टिगत गरी आयोगले आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(ख) भौतिक संरचनामा लाग्ने लागतमा क्याम्पसले बेहोर्ने रकमको हिस्सा बढी हुने क्याम्पसहरूलाई प्राथमिकतामा राखिनेछ ।

(ग) विज्ञान तथा राष्ट्रिय प्राथमिकताका विषयको अध्ययन अध्यापन गर्ने क्याम्पसहरूलाई प्राथमिकतामा राखिनेछ ।

(घ) दुर्गम तथा पिछडीएका जिल्लामा संचालित क्याम्पसहरू

(ङ) आयोगले तोकेका अन्य विवरण समेत प्रस्तुत गर्नुपर्नेछ ।

**३.३.९ अध्ययन सामग्री विकास :** (१) अध्ययन सामग्री विकास कार्यक्रम अन्तर्गत आयोगले देहायका विषयमा आर्थिक सहयोग उपलब्ध गराउनेछ :

(क) पाठयपुस्तक सन्दर्भ पुस्तक तयार गर्न,

(ख) अध्ययन सामग्रीको निर्माण गर्न,

(ग) श्रव्यदृश्य अध्ययन सामग्री उत्पादन गर्न ।

(घ) प्रयोगशालामा प्रयोग हुने उपकरण, रसायन वा यस्तै सामाग्री

(ङ) अन्य अध्ययन सामग्री विकास गर्न ।

अध्ययन सामग्री विकास गर्ने प्रयोजनार्थ सहयोग उपलब्ध गराउने कार्यका लागि चाहिने रकम तथा अन्य कुरा आयोगले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## विभिन्न निकायका काम, कर्तव्य र अधिकार

४.१ आयोगको अधिकार : अनुदान वितरणको प्रयोजनार्थ आयोगले देहाय बमोजिम गर्न सक्नेछ :

(१) माग भए बमोजिमका रकमहरूमा हेरफेर गर्न, घटाउन वा अस्वीकृत गर्न,

(२) खास शीर्षक अन्तर्गत हुने खर्चको बारेमा वस्तुस्थिति पत्ता लगाउन विवरणहरू मगाई हेर्न,

(३) सम्बन्धित आधिकारिक व्यक्तिलाई बोलाई स्पष्ट पार्न लगाउन ।

(४) लगातार तीन वर्षसम्म पनि आयोगद्वारा निर्धारित प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण गराउने क्याम्पसलाई अनुदान बन्द गर्न सकिनेछ ।

४.२ पुरस्कृत गरिने : आयोगको पूर्ण अनुदानमा भर परिरहेका संस्थाले आफ्नो प्रयासबाट आयस्रोत जुटाएको खण्डमा पाइरहेको अनुदान नघटाई छुट्टै उपयुक्त पुरस्कार अथवा म्याचिङ फण्ड उपलब्ध गराइनेछ ।

४.३ आह्वन गर्ने : (१) आयोगले शैक्षिक संस्थाहरूलाई खास कार्यक्रम सञ्चालनका लागि आह्वान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्ने शैक्षिक संस्थालाई आयोगले आवश्यक सहयोग जुटाउनेछ ।

# परिच्छेद- ५

# निरीक्षण अनुगमन तथा मूल्याङ्कन

आयोगले नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई अवलम्बन गर्ने सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विस्तृत ढाँचाको विकास गरी नियमित रूपमा यस सम्बन्धी कार्यहरू सञ्चालन गर्नेछ । यसका लागि आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखाले मुख्य भूमिका निर्वाह गर्नेछ ।

**अनुगमन**

अनुगमन सम्बन्धी कार्यहरूको प्रणालीगत सञ्चालनका लागि मुख्य रूपमा निम्नानुसारका पद्धतिहरूलाई अवलम्बन गरिने छ :

क. सहभागी संस्थाहरूका लागि उपलब्ध गराइएको अनुदान उपयोगिताका सम्बन्धमा आयोगमा रहेको अनुगमन तथा मूल्याङ्कन महाशाखासँग समन्वय गरी टोली बनाई अनुगमनका लागि खटाइनेछ ।

**अनुगमन तथा निरीक्षणका तरिकाहरू**

क. डेक्स अनुगमन

ख. स्थलगत अनुगमन तथा निरीक्षण

क. डेक्स अनुगमन : यस पद्धतिअन्तर्गत पूर्व निर्धारित सूचकाङ्कहरूमा उच्च शैक्षिक संस्थाहरूबाट प्राप्त भएका तथ्यांकहरूका आधारमा हुने अनुगमन सम्बन्धी नियमित कार्यहरू पर्दछन् :

- चौमासिक प्रगति विवरण सम्बन्धी कार्यहरू
- वार्षिक तथा अन्य योजनाहरूको अध्ययन
- प्रगति प्रतिवेदनहरूको अध्ययन
- नियमित रुपमा उच्च शैक्षिक संस्थाहरूबाट सूचना संकलन (फलोअप)

ख. स्थलगत अनुगमन तथा निरीक्षण : यस पद्धतिअन्तर्गत डेक्स अनुगमनमा पाइएका नतिजाहरूलाई आवश्यकताअनुसार स्थलगत भ्रमण गरी रुजु गर्ने, आवश्यकताअनुसार  थप सूचनाहरू संकलन गर्ने, प्राविधिक सहयोग/परामर्श उपलब्ध गराउने आदि कार्यहरू पर्दछन् ।

यसका अतिरिक्त वार्षिक रूपमा केही कयाम्पसहरूको नियमित स्थलगत अनुगमनको व्यवस्थासमेत मिलाइनेछ ।

**मूल्याङ्कन**

विश्वविद्यालय अनुदान आयोगले निर्णय गरी सहमति भएबमोजिमको कार्यविधि अपनाई क्याम्पसले सम्पादन गरेका कार्यहरूको मूल्याङ्कन गरिनेछ । शैक्षिक संस्थाहरूको मूल्याङ्कन गर्दा योजना लागू हुँदाको समयमा लिएको तथ्याङ्कलाई आधार बनाइनेछ । मूल्याङ्कन सम्बन्धी कार्यहरूको सच्चालनका लागि मुख्य रूपमा निम्नानुसार पद्धतिहरूलाई अवलम्बन गरिने छ

क. आवधिक मूल्याङ्कन : यस अन्तर्गत आवश्यकताअनुसार  क्याम्पसको कार्यसम्पादनसँग सम्बन्धित मूल्याङ्कन गरिनेछ ।

ख. प्रभावकारिता मूल्याङ्कन : यस अन्तर्गत क्याम्पसको प्रभावकारिताको सन्दर्भमा विस्तृत अध्ययन गरी मूल्याङ्कन गरिनेछ ।

ग. मूल्याङ्कन अध्ययनहरू : यस अन्तर्गत आयोगको आवश्यकता बमोजिम विभिन्न अध्ययन समिति गठन गरी मूल्याङ्कन अध्ययनहरू गरिनेछन् ।

घ. सबल प्रयास सम्बन्धी अध्ययनहरू : यस अन्तर्गत क्याम्पसमा भएका विभिन्न सबल प्रयास सम्बन्धी अध्ययनहरू गरी सोबाट प्राप्त सिकाइहरूलाई अन्य उच्च शैक्षिक संस्थामा लागू गरिनेछ ।

**५.१ निरीक्षण सम्बन्धी व्यवस्था** :

(१) आयोगले आवश्यकता अनुसार प्रदान गरिएका विश्वविद्यालय तथा शैक्षिक संस्थाको निरीक्षण गराउनेछ ।

(२) निरीक्षण गर्न आयोगले आवश्यकतानुसार एक वा एक भन्दा बढी व्यक्ति रहेको टोली खटाउनेछ ।

(३) निरीक्षण गर्ने टोलीले निम्न विषयमा आफ्नो प्रतिवेदन आयोग समक्ष प्रस्तुत गर्नेछ :

(क) विश्वविद्यालय वा शैक्षिक संस्थाको आर्थिक स्थिति तथा आवश्यकता,

(ख) परीक्षा तथा शिक्षण स्तर,

(ग) आयोगद्वारा निर्धारण गरिएका अन्य कुरा ।

(४) आयोगले यस नियम बमोजिम निरीक्षण गराउनुपूर्व विश्वविद्यालय वा शैक्षिक संस्था समक्ष आयोगद्वारा निर्धारित विवरण प्राप्त गर्नको निमित्त एक प्रश्नावली पठाई आवश्यक सूचना सङ्कलन गर्नेछ ।

(५) आयोगले निरीक्षण गर्ने समयको जानकारी अगावै पठाई सूचित गरी वा नगरी गर्न सकिन्छ ।

(६) निरीक्षणमा गएको टोलीसँग आवश्यक जानकारी दिन संस्थाको प्रमुख र अन्य उपयुक्त पदाधिकारी निरीक्षण अवधिभर साथ रही माग गरिएका विवरण तथा जानकारी दिई सहयोग गर्नु सो संस्थाको जिम्मेवारी हुनेछ ।

(७) मूल्याङ्कन गर्न जाने टोलीले आफूलाई सुम्पिएको कार्य सम्पादन गर्ने सिलसिलामा उपयुक्त ठानेको व्यक्ति, पदाधिकारी सँग छलफल गर्न, अभिलेख हेर्न र प्रश्न गर्न सक्नेछ ।

**५.२ मल्याङ्कन तथा अनुगमन गर्न सक्ने** :

(१) आयोगले कुनै पनि विश्वविद्यालय वा शैक्षिक संस्थाको गतिविधि/कार्य सम्पादन लगायतका कुराको मूल्याङ्कन गर्ने, गराउने तथा त्यसको अनुगमन समेत गराउन सक्नेछ ।

(२) मूल्याङ्कन तथा अनुगमन बारेका अन्य कुरा आयोग स्वयंले निर्धारण गर्न सक्नेछ ।

# परिच्छेद- ६

## क्याम्पसको काम कर्तव्य र अधिकार

६.१ क्याम्पसको अनुदान सन्दर्भमा निम्नलिखित काम कर्तव्य र अधिकार हुनेछ :

(१) अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाले आयोगसमक्ष लेखा परीक्षण प्रतिवेदनसहित वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र प्रस्तुत गर्न अनिवार्य हुनेछ ।

- आयोगबाट प्रयोजन खुलाई दिएको अनुदान सोही प्रयोजनमा नियमानुसार खर्च गर्नुपर्नेछ ।
- कुनै मालसामान खरिद गर्दा, सेवा लिंदा वा निर्माण कार्य गर्दा/गराउदा नियमानुसार गर्नुपर्नेछ र कर प्रयोजनका लागि दर्ता भएको व्यक्ति वा फर्मसँग तोकेबमोजिम काम गर्नु/गराउनु पर्नेछ ।
- पुस्तक खरिदका लागि दिइएको अनुदान प्रस्तावमा उल्लिखित पाठ्यपुस्तक र सन्दर्भ पुस्तकहरू खरिद गर्नुपर्नेछ ।
- खरिद गरिएका पुस्तक लाइब्रेरी दर्ता गर्नुपर्नेछ ।
- फर्निचर खरिदका लागि दिइएको अनुदान प्रस्तावमा उल्लिखित फर्निचरहरू खरिद गर्नुपर्नेछ ।
- खरिद गरिएका फर्निचरहरू स्टोरमा दाखिला गनुपर्नेछ ।
- उपकरण खरिद गर्दा स्पेशिफिकेशन र लागत अनुमान तयार गरी प्रस्तावमा उल्लिखित सामाग्रीहरू खरिद गर्नुपर्नेछ ।
- खरिद गरिएका उपकरणहरू स्टोरमा दाखिला गनुपर्नेछ ।
- खरिद गरिएका पाठ्यपुस्तक र सन्दर्भ पुस्तकहरू, उपकरणहरू, फर्निचरहरू क्याम्पसको शैक्षिक कार्यमा बाहेक अन्य काममा प्रयोग गर्न पाइने छैन ।
- खरिद गरिएका पाठ्यपुस्तक, उपकरण वा फर्निचर विश्वविद्यालय अनुदान आयोगबाट सहयोगमा खरिद भएका भनी छाप लगाउनुपर्नेछ/लेखाउनुपर्नेछ ।
- भवन निर्माणका लागि दिइएको अनुदान सोही प्रयोजनमा नियमानुसार खर्च गरी लक्ष्य अनुसार भवन निर्माण गर्नुपर्नेछ ।
- आयोगले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

# परिच्छेद- ७

## विविध

७.१ अनुदानसम्बन्धी काम कारवाही पारदर्शी हुने : आयोगले क्याम्पसहरूलाई प्रदान गर्ने अनुदानसम्बन्धी आधारहरू, काम कारवाही र सबै अनुदानहरू परदर्शी गरिनेछ ।

७.२ बाधा अडकाउ फुकाउन सक्ने : यो निर्देशिका प्रारम्भ हुनुभन्दा अगाडी आयोगबाट भए गरेका काम कारबाहीहरू यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ ।

७.३ बचाउ : यस निर्देशिकाको कुनै कुरा कार्यान्वयन गर्न बाधा अड्चन फुकाउन परेमा त्यस्तो बाधा अड्चन फुकाउन आयोगले आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची - १

### नियमित अनुदान बाँडफाँडका आधारहरू

- एक फ्याकल्टी एक प्रोग्राम (जस्तो बी.ए.) भएको क्याम्पसलाई न्यूनतम एकमुष्ट अनुदान रू. ३,५०,०००।०० दिने । तर स्नातकोत्तर तहको एक फ्याकल्टी एक प्रोग्राम (जस्तो एम.ए.) भएको क्याम्पसलाई एकमुष्ट अनुदान रू.४,२०,०००।०० दिने । (आयोगको बजेट र अनुदान पाउने क्याम्पसको संख्याको आधारमा न्यूनतम एकमुष्ट अनुदान थप घट हुन सक्ने)
- पास प्रतिशतका आधारमा क्याम्पसहरूलाई थप अनुदान प्रदान गरिनेछ । हरेक क्याम्पसको आधार वर्ष (Base Year) को पास प्रतिशतबाट प्रगति वर्ष (Progress Year) को पास प्रतिशतमा भएको वृद्धिलाई प्रगति वर्ष ( Progress Year) को परीक्षामा सम्मिलित विद्यार्थीहरूको संख्या र प्रतिविद्यार्थी रू. २५ ले गुणा गर्दा आउने रकम थप अनुदान प्रदान गर्ने ।

| क्याम्पसको नाम | पास प्रतिशत | | पास प्रतिशतको फरक | प्रति विद्यार्थी रकम रु.२५ | प्रगति वर्षमा परीक्षामा सम्मिलित विद्यार्थी संख्या | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| | आधार वर्ष | प्रगति वर्ष | | | | |
| | ०७०/०७१ | ०७१/०७२ | | | | |

- पास प्रतिशत अनुदान प्राप्त गर्नका लागि हरेक क्याम्पसले न्यूनतम रूपमा १० प्रतिशत विद्यार्थी पास गरेको हुनुपर्नेछ । आधार वर्षभन्दा प्रगति वर्षमा पास प्रतिशत घटेमा निज क्याम्पसलाई पास प्रतिशत अनुदान उपलब्ध गराइने छैन ।
- १००० जना भन्दा बढी विद्यार्थी हुने क्याम्पसको हकमा अधिकतम ३ लाख ५० हजार प्रदान गर्ने तर सूत्र अनुसार हिसाब गर्दा सो रकमभन्दा कमी भएमा सोही रकमलाई मान्यता दिनेछ ।
- एकभन्दा बढी फ्याकल्टी (जस्तो बीए, बीबीएस) भएको क्याम्पसलाई न्यूनतम अनुदानमा ४० प्रतिशत थप दिने । तर तीन वा सोभन्दा बढी स्नातक तह भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ६० प्रतिशत थप दिने।
- स्नातकोत्तर तह भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ४० प्रतिशत थप दिने तर एकभन्दा बढी स्नाकोत्तर कार्यक्रम भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ६० प्रतिशत थप दिने ।
- विज्ञान विषय/राष्ट्रिय महत्वका विषयहरू अध्ययन हुने क्याम्पसमा न्यूनतम अनुदानमा ८० प्रतिशत थप दिने।
- वि.वि. हरूका आङ्गिक क्याम्पस नभएका जिल्लाका क्याम्पसहरूलाई न्यूनतम अनुदानमा ३० प्रतिशत थप दिने।
- पिछडिएका/पहाडी/दुर्गम जिल्लाका क्याम्पसलाई न्यूनतम अनुदानमा ३० प्रतिशत थप दिने ।
- पहिलो पटक नियमित अनुदान पाउने सामुदायिक क्याम्पसहरूलाई एकमुष्ट न्यूनतम अनुदान रू. ३,५०,०००।०० (तीन लाख पचास हजार) मात्र दिने ।
- स्नातकोत्तर तहमा प्रति कार्यक्रम न्यूनतम विद्यार्थी संख्या २० जना नहुने क्याम्पसहरूलाई सो कार्यक्रम वापत हुन आउने थप अनुदान उपलब्ध नगराउने । स्नातक तहको प्रति कार्यक्रम थप अनुदानका लागि न्यूनतम विद्यार्थी संख्या १५ जना हुनुपर्ने ।
- यस वर्षदेखि नियमित अनुदान पाउने क्याम्पसहरू वाहेकका नियमित अनुदान प्राप्त गरिरहेका क्याम्पसलाई विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रू २२५ का दरले थप अनुदान उपलब्ध गराउने । तर विद्यार्थी संख्याको आधारमा अनुदान प्राप्त गर्नका लागि क्याम्पसमा न्यूनतम २०० विद्यार्थी संख्या हुनुपर्ने । १००० जना भन्दा बढी विद्यार्थी हुने क्याम्पसलाई एकमुस्ट रू ३ लाख पचास हजार अनुदान प्रदान गर्ने ।

## अनुसूची - २

### भवन निर्माण, पुस्तक, फर्निचर एवं उपकरण खरिदका लागि अनुदानका आधारहरू

- पहिलो पटक भवन निर्माणका लागि रू. २५ लाख प्राप्त गरेका क्याम्पसलाई सोही शीर्षकमा अनुदान माग भएमा थप २५ लाख अनुदान उपलब्ध गराउने तर २५ लाख भन्दा कम माग भएमा सोही अनुसार अनुदान उपलब्ध गराउने ।
- गत वर्षसम्म भवन निर्माणमा रू. ३७.५ लाख मात्र अनुदान प्राप्त गरिसकेका र सोही शिर्षकमा थप अनुदान माग गरेका क्याम्पसहरूलाई रू. १२.५ लाख अनुदान दिने तर रू. १२.५ लाख भन्दा कम माग गरेको क्याम्पसहरूलाई मागेको रकम मात्र उपलब्ध गराउने । तर उक्त अनुदान उपलब्ध गराउँदा स्थलगत अनुगमन अनिवार्य गरिनुपर्ने ।
- यसभन्दा अगाडी पाठ्यपुस्तक, फर्निचर, उपकरणको अनुदान लगेका क्याम्पसले यस आर्थिक वर्षका लागि भौतिक निर्माणको लागि अनुदानका माग गरेको अवस्थामा अन्य आधार पूरा गरेको भए रू. २५ लाख वा सोभन्दा कम माग गरेको भए सोही अनुसार भौतिक निर्माण अनुदान उपलब्ध गराउने ।
- विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्तक, फर्निचर एवं उपकरण खरिद अनुदान उपलब्ध गराउँदा विगत तीन वर्षको एकीकृत सिलिङ्ग गरी निम्नानुसारको छुट्टै पनि कायम गर्ने ।

| विद्यार्थी संख्या | भवन | पुस्तक/फर्निचर/उपकरण | भवन र पुस्तक/फर्निचर अधिकतम सिलिङ्ग |
|---|---|---|---|
| १५० भन्दा कम | ५० लाख | ५ लाख | ५५ लाख |
| १५१ देखि ३५० सम्म | ५० लाख | ७.५ लाख | ५७.५लाख |
| ३५१ देखि ७०० सम्म | ५० लाख | १० लाख | ६० लाख |
| ७०१ देखि माथि | ५० लाख | १२.५ लाख | ६२.५ लाख |

## अनुसूची - ३

## Proposal Outline

| | |
|---|---|
| 1. | क्याम्पसको संक्षिप्त परिचय (Brief introduction of the campus ) |
| 2. | कार्यक्रमको पृष्ठभूमि (Background of the program) |
| 3. | कार्यक्रमको औचित्य (Justification of the program ) |
| 4. | अपेक्षित उपलब्धिहरू (Expected outcomes of the program) |
| 5. | कार्यक्रमको बजेट (Program Budget- breakdown of activities, rate, and quantity etc) |
| 6. | कार्य योजना (Action plan for the completion of work) |
| 7. | अनुगमन तथा मूल्याङ्कन योजना (Monitoring and Evaluation Plan ) |
| 8. | दिगोपनाका लागि योजना (Sustainability Plan) |
| 9. | योजना ड्रइङ / डिजाइन (Strutural Design/Drawing) |

- योजना प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा तयार गर्न सकिनेछ ।

## अनुसूची - ४

### विशेष अनुदानका लागि अनुदानका आधारहरू

विशेष अनुदान प्राप्त गर्न योग्य क्याम्पसले पाठचपुस्तक तथा सन्दर्भ पुस्तक, फर्निचर र उपकरण खरिद विद्यार्थी संख्याका आधारमा निम्नानुसार अनुदान दिने (तर कम रकममा काम गर्ने गरी प्रस्ताव गरेका क्याम्पसहरूका हकमा प्रस्तावित रकममा नबढाई दिने)।

| | |
|---|---|
| १५० जना भन्दा कम | रु. २,००,०००।- ( २ लाख ) |
| १५१ देखि ३५० जना | रु. ३,००,०००।- ( ३ लाख ) |
| ३५१ देखि ७०० | रु. ४,००,०००।- ( ३ लाख ) |
| ७०१ देखि माथि | रु. ४,५०,०००।- ( ४ लाख पचास हजार ) |

## अनुसूची - ५

## Priority Area/Subjects

1) Science and Technology
2) Enginering
3) Medicine
4) Agriculture and Forestry; and
5) Disaster Risk Management and Climate Change